नेपाल सरकार

कृषि तथा पशुपंछी बिकास मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

# खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय

## बिराटनगर, मोरङ्ग

☎फोन :- ०२१-४७०२२१

०२१-४७०८२८

## खाद्य/दाना उद्योगको अनुज्ञापत्र लिनको लागि उद्योगले निवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु

१. उद्योग दर्ता प्रमाण पत्र (घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग विभागबाट जारी प्रमाण पत्र) को फोटोकपी- १ थान

२. PAN दर्ता प्रमाण पत्रको फोटोकपी-१ थान

३. कम्पनीको हकमा प्रबन्धपत्र नियमावलीको प्रतिलिपि

४. उद्योगपतिको/प्रोप्राइटरको

- नागरिकता प्रमाण पत्रको फोटोकपी-१ थान
- पासपोर्ट साइजको फोटो- २ थान
- साझेदारी फर्मको हकमा सबै साझेदारको नागरिकता प्रमाणपत्रको फोटोकपी- १/१ थान

५. साझेदारी उद्योगको हकमा

- काम कारबाही जिम्मा दिएको निर्णयको प्रतिलिपी
- अख्तियारी दिइएको पत्र
- निजको पदिय जिम्मेवारी सहितको पत्र
- निजको नागरिकताको फोटोकपी- १ थान
- पासपोर्ट साइजको फोटो- २ थान

६. दूध तथा दुग्ध पदार्थ, प्रशोधित पिउने पानी, जुस, प्रशोधित तेल/घ्यु, बेबी फुड, माछा/मासु उद्योगको हकमा प्राविधिक प्रतिवेदन (Technical Report) । प्राविधिक प्रतिवेदनमा उद्योगको नाम, ठेगाना, पृष्ठभुमी, उद्देश्य, उत्पादनमा प्रयोग हुने उपकरणहरुको नाम, क्षमता, स्पेशिफिकेसन सहित डिटेल, उत्पादित वस्तुको बनाउने विधि, गुण नियन्त्रण व्यवस्थापन, सरसफाई व्यवस्थापन, जनशक्ति विवरण लगायत विवरणहरु उल्लेख हुनु पर्छ ।

७. उद्योगको उत्पादन मेसिनरीहरु आउने गरि (उत्पादन स्थल प्रष्ट बुझिने गरी) खिचेको फोटो प्रिन्ट आउटहरु

८. ब्राण्ड दर्ता प्रमाण पत्रको फोटोकपी-१ थान

९. कम्पनी रजिष्टर दर्ता प्रमाणपत्रको फोटोकपी- १ थान

१०. उत्पादित वस्तुहरुको खालि लेबल/र्यापरको नमुना (लेबलमा, खाद्य वस्तुको नाम, उत्पादकको पुरा नाम ठेगाना, ब्याच नं., उत्पादन मिति, उपभोग गरि सक्नु पर्ने मिति, सम्मिश्रण गरिएको कच्चा पदार्थ, मूल्य, तौल वा आयतन, रङ्ग र परिरक्षी प्रयोग गर्न स्वीकृत भई प्रयोग गरिएको भए सोको नाम, ब्राण्ड नाम आदि उल्लेख गरिएको हुनुपर्ने ।)

११. उत्पादित वस्तुको प्रयोगशाला विश्लेषण प्रतिवेदन

१२. उत्पादित वस्तुहरुको नमुना (प्रस्तावित लेबल विवरण सहित)

१३. नेपाल सरकारबाट निर्देशिका जारी भएका खाद्य पदार्थहरुका हकमा सम्बन्धित निर्देशिकामा भएका प्रावधानहरु पुरा गरेको हुनुपर्ने ।

१४. प्याकेजिङ्ग उद्योगको हकमा

- कच्चा पदार्थको श्रोत आन्तरिक भएमा कच्चा पदार्थको लेबल विवरण, कच्चा पदार्थको प्रयोगशाला परिक्षण प्रतिवेदन, कच्चा पदार्थ उत्पादक उद्योगको अनुज्ञापत्रको प्रतिलिपी
- कच्चा पदार्थ श्रोत बाहिरी मूलकबाट आयात गर्ने उद्योगको हकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट जारी भएको आयात अनुमति पत्र, आयातित खाद्य पदार्थको सम्बन्धित निकायबाट भएको गुण प्रमाणिकरण प्रतिवेदनको प्रतिलिपी

नोटः उद्योगको प्रतिकृया/सहमति लिँदा उद्योगले सि.नं. ६ मा उल्लेख भए बमोजिमको टेक्निकल प्रपोजल घरेलु तथा साना उद्योग कार्यालय/विकास समितिको कार्यालयको पत्रसाथ पेश गर्नुपर्ने छ ।

थप जानकारीको लागिः

सम्पर्क फोनः ०२१-४७०८२८

इमेल ठेगानाः rftqcobrt@gmail.com

वेवसाइटः www.ftqcobiratnagar.gov.np